Email: ms.hospital@dopm.gov.n
Fax/Phone - 01-518503

कारागार व्यवस्थापन विभाग

# मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल

नख्खु, ललितपुर

## बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०।०५।०५

यस अस्पतालमा तपसिलमा उल्लेखित औषधि तथा स्वास्थ्य सामाग्रीहरुको आपूर्ती गरी कैदी/बन्दीहरुलाई स्वास्थ्यकर्मी तथा चिकित्सकको सिफारिसका आधारमा वितरण गर्न नेपाल सरकारबाट औषधी खरिद सम्बन्धी ईजाजत प्राप्त कम्पनी, सप्लायर्स, बिक्रेता तथा व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही औषधी खरिदको बोलपत्र आह्वान गरिन्छ ।

1. बोलपत्र सम्बन्धी कागजात फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, नविकरण भएको ठेक्का ईजाजत पत्र स्थाई लेखा नम्बर तथा भ्याट दर्ता प्रमाण पत्र र आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले लिखित निवेदन दिई प्रथम पटक प्रकाशित सूचनाको मिति देखि ३० औं दिन भित्र मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल, नख्खु, ललितपुरमा खरिद गर्न सकिनेछ ।
2. खरिद गरेको बोलपत्र फारम भरी शिलबन्दी गरी खामको बाहिर कामको विवरण बोलपत्र नं., बोलपत्रदाताको फर्मको नाम ठेगाना खोली यस कार्यालयलाई सम्बोधन गरी सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको अपरान्ह १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । बोलपत्र पेश गर्दा बोलपत्र नं. र कामको विवरण खुलाउनु पर्नेछ । दर्ता भएको बोलपत्र सोही दिन अपरान्ह २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाता वा निजका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
3. बोलपत्र पेश गर्ने अन्तिम दिन विदा पर्न गएमा त्यसपछि कार्यालय खोलिएको पहिलो दिन मान्य हुनेछ ।
4. बोलपत्र जमानत बापत तोकिएको रकम यस कार्यालयको कोड नं. ३१४०२३४०२ उल्लेख गरी कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुर, ने.बैं.लि. ललितपुर स्थित धरौटी खाता नं. ०१८०१००००२००३००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल सरकारबाट मान्यता प्राप्त 'क' वर्गको बाणिज्य बैंकबाट जारी बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिनसम्म मान्य अवधी भएको विडवण्ड बोलपत्र साथ संलग्न हुनु पर्नेछ । बोलपत्र फारमको दस्तुर वापतको रु. ३,०००।- (अक्षरेपी तीन हजार रुपैया मात्र) फिर्ता नहुने गरी नेपाल बैंक लिमिटेडको खाता नं. ००१०१००००००००१००१००१, राजस्व शिर्षक नं. १४२२९, यस कार्यालयको कोड नं. ३१४०२३४०२ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ ।
5. समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका सर्त विपरित भएको बोलपत्र माथि कारवाही हुने छैन । दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।
6. एक फर्मको नाममा खरिद भएको बोलपत्र फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईनेछैन ।
7. बोलपत्रको विड डकुमेन्ट, स्पेसिफिकेसन, परिमाणको मूल्य पत्र, सूचना तथा ठेक्का सम्बन्धी अन्य कुनै डकुमेण्टमा भाषागत समेत त्रुटी भएमा वा विषय प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै बेला सच्याउन बाधा पर्नेछैन । नेपाल सरकारको हितलाई ध्यानमा राखि बोलपत्र स्वीकृत गर्ने/नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा सूचना नै रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
8. सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।

**तपशिल**

| बो.प.नं. | कामको विवरण | स्थल | लागत अनुमान | धरौटी रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| ०१-२०८०/०८१ | औषधी खरिद | मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल, नख्खु, ललितपुर | रु.२१,०८,६३०।- (मु.अ.कर बाहेक) | रु.६०,०००।- | रु.३,०००।- |

सुबाश के.सी.
कार्यालय प्रमुख

Scanned with CamScanner